हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिप्रेभञ्ज्याङ, स्याङ्जा
२०७३

प्रमाणीकरण मितिः २०८३/०२/२९

# निजी वन दर्ता सम्बन्धी कार्यविधि २०८३

**प्रस्तावनाः**

निजी वनलाई संरक्षण, व्यवस्थित र वनको महत्त्वका सम्बन्धमा सर्वसाधारणलाई सु-सुचित गराउन वन ऐन, २०७६ को दफा ३५ तथा वन नियमावली, २०७९ को नियम ८१ मा व्यवस्था भए बमोजिम गाउँपालिका क्षेत्र भित्रका निजी वनलाई दर्ता गर्ने सम्बन्धमा कार्यविधि बनाई लागु गर्न बाञ्छनीय भएकोले हरिनास गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०२/२९ को निर्णयबाट यो "निजि वन दर्ता सम्बन्धि कार्यविधि, २०८३" बनाई लागु गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नामः "निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३" हुनेछ।

(ख) यो कार्यविधि हरिनास गाउँकार्यपालिकाको बैठकबाट पारित गरि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि बमोजिम

(क) "ऐन" भन्नाले वन ऐन, २०७६ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले वन नियमावली, २०७९ लाई सम्झनु पर्दछ।

(ग) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्दछ।

(घ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्नेछ।

(ङ) "निजी वन व्यवस्थापन पद्धती" भन्नाले निजी वनको व्यवस्थापनको लागि अपनाईएका पद्धती सम्झनु पर्दछ ।

खिम नारायण
अध्यक्ष

(च) "वन पैदावर" भन्नाले वनमा रहेका वा आइएका वा वनबाट ल्याइएका देहायका पैदावर सम्झनु पर्छः

(१) काष्ठ पैदावर

(२) गैरकाष्ठ वन पैदावर, वा

(३) चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(छ) "वातावरणीय परिक्षण" भन्नाले प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातारवरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सम्झनु पर्दछ।

(ज) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्दछ।

(१) कार्बन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचकर प्रणाली

(४) पर्यावरण

(झ) "गाउँपालिका" भन्नाले हरिनास गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ञ) "समिति" दफा (३) बमोजिम गठन हुने समिति सम्झनु पर्नेछ।

## परिच्छेद - २

## निजी वन व्यवस्थापन समितिको गठन, काम कर्तव्य र अधिकार

### ३. समितिको गठनः

(१) निजी वन दर्ता तथा विविध विषयमा निर्णायक भूमिका निर्वाह गर्न गाउँपालिका निजी वन व्यवस्थापन समिति रहनेछ। यस समितिका पदाधिकारीहरु देहाय बमोजिम हुनेछ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य

खिम नारायण मल्ल
अध्यक्ष

घ) गाउँपालिका कृषि विकास शाखाका प्रमुख - सदस्य

ङ) गाउँपालिका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**४. समितिको काम, कर्तव्य र अधिकारः**

१) निजी वन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ ।

(क) गाउँपालिका क्षेत्र भित्रका निजी वनका सम्बन्धमा आवश्यक निती नियम बनाउने।

(ख) निजी वन दर्ताका सम्बन्धमा आवश्यक निर्णय लिने।

(ग) निजी वन दर्ता गर्न उपयुक्त देखियमा दर्ताको लागि सिफारिस गर्ने ।

(घ) प्रचलित कानून तथा ऐन, नियमावली तथा गाउँपालिकाको निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३ को परिपालना नगरेको पाइएमा दण्डित गर्ने ।

(ङ) निजी वन विरुद्धका कुनै उजुरी परेमा त्यसको उचित निर्णय गर्ने ।

## परिच्छेद - ३
## निजी वन दर्ता तथा नवीकरण

**५. निजी वन दर्ताः**

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ३५ तथा नियमावलीको नियम ८१ बमोजिम दर्ताका लागि देहाय बमोजिमका कागजात संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकाको समिति समक्ष निवेदन दिनु पर्नेछ।

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको आफ्नो हक भोग र स्वामित्व रहेको आधार सहितको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, र सगोलको हकमा हकवाला व्यक्तिहरुको मञ्जुरीनामाको सक्कल।

(ख) संस्थाको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) नापी कार्यालयको प्रमाणित गरेको नक्सा र फिल्डबुकको प्रतिलिपि,

(ङ) कित्ता नम्बर सहितको चार किल्ला खुलेको वडा कार्यालयको पत्र,

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा
२०७३

(च) निजी वन दर्ताका लागि वडा कार्यालयको सिफारिस पत्र,

(छ) वन कार्यालय/सब डिभिजन वन कार्यालय/डिभिजन वन कार्यालयको निजी वन दर्ताको लागि गरिएको सिफारिसको सक्कल पत्र,

(ज) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा निवेदन परेमा समितिले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपयुक्त हुने देखेमा निजी वन दर्ता गर्ने निर्णय गर्नु पर्दछ।

(३) उपदफा (२) बमोजिम समितिबाट दर्ता गर्ने निर्णय भए अनुसार प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो निजी वन दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दर्ता गरी सो को जानकारी सम्बन्धित कार्यालयलाई गराउनु पर्नेछ।

**६. निजी वन नवीकरणः**

दफा ३ को उपदफा (२) बमोजिम दर्ता भएको निजी वन प्रत्येक आ.व. मा नवीकरण गर्नु पर्नेछ। नवीकरण शुल्क चालु आ.व को आर्थिक ऐन बमोजिम हुनेछ।

## परिच्छेद-४

## निजी वनको भू-स्वामित्व, भू-उपयोग सम्बन्धि व्यवस्था

**७. निजी वनको भू-स्वामित्वः** निजी वनको भू-स्वामित्व सम्बन्धित व्यक्तिको हुनेछ । (स्पष्टिकरणः उपदफा (१) बमोजिम डिभिजन वन कार्यालयले निर्दिष्ट गरे बमोजिमको भू-स्वामित्व रहने गरी हरिनास गाउँपालिकाले निजी वन दर्ता गर्नेछ ।

**८. निजी वनको उपयोगिताः** निजी वन दर्ता गर्ने व्यक्तिले उत्पादन भएका वन पैदावरका वस्तुहरु प्रचलित प्रावधान वा डिभिजन वन कार्यालयको नियमानुसार उपभोग गर्न पाउनेछ।

**९. वनक्षेत्र भित्र बसोवास वा पुर्नवास गर्ने नपाउनेः**

(१) रुख भएको कुनै पनि वन क्षेत्रभित्र बसोवास वा पुर्नवासका लागि प्रयोग गरिने छैन।

(२) यस कार्यविधि प्रारम्भ हुनु भन्दा अगाडी वन सम्बन्धि तत्काल प्रचलित कानूनको अधिनमा रहि बसोवास वा पुर्नवास गरिएका जग्गामा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखिनै रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहनेछन् ।

१०. **निजी वनको सिमा निर्धारणः** डिभिजन वन कार्यालय, नापी कार्यालय तथा हरिनास गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

११. **निजी वन फिर्ता लिन वा रद्ध गर्न सक्नेः** डिभिजन वन कार्यालय/गाउँपालिकाको कार्यविधिले तोकेको मापदण्ड विपरित कुनै कार्य गरेको देखेमा गाउँपालिकाको कार्यालयले निजी वन फिर्ता वा रद्ध गर्न सक्नेछ।

## परिच्छेद - ५
## विविध

१२. **निजि वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्नेः** कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग संचालन गर्नु पूर्व डिभिजन वन कार्यालय, गाउँपालिका कार्यालयमा उत्पादन गर्ने बस्तु वा सेवाको बारेमा लिखत जानकारी गराउनु पर्नेछ ।

१३. **प्रतिबन्ध लगाउन सक्नेः** नेपाल सरकाले जैविक विविधतामा कुनै प्रजातीको संरक्षण वा बातावरण संरक्षणको लागि तोकिएका वन पैदावारको संकलन, कटान, उपभोग, ओसार पसार, बिक्रि वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

१४. **सुराकीलाई पुरस्कार दिन सक्नेः** यस कार्यविधि विपरित कार्य हुन लागेको सुराकी दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसुरदारलाई हुने जरिवानाको १० प्रतिशत पुरस्कार स्वरुप दिईने छ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** यो कार्यविधिमा लेखिए जति कुरामा यस कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. **बचाऊः** यो कार्यविधि लागु हुनुभन्दा अगावै गाउँपालिकामा दर्ता भएको निजी वन यसै कार्यविधि बमोजिम दर्ता भएको मानिने छ।

१७. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

भिम नारायण मानन्धर
अध्यक्ष

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थिर्केभञ्ज्याङ्ग, स्याङ्जा
२०७३

**अनुसूची-१**

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

## निजी वन दर्ताका लागि दिने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
हरिनास गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय।

विषयः निजी वन दर्ताको लागि सिफारिस पाउँ।

म/हामीले वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा हरिनास गाउँपालिकाको निजी वन दर्ता सम्बन्धि कार्यविधि, २०८३ को अधिनमा रही देहायका वन पैदावरलाई हरिनास गाउँपालिका ............ वडाको स्थानमा निजी वनको रुपमा दर्ता गर्नु पर्ने भएकोले तपसिल बमोजिमको विवरण सहित निजी वन दर्ताको लागि निवेदन पेश गरेको छु/छौं।

तपसिल

नामः

चार किल्लाः

क्षेत्रफलः

वन पैदारको प्रजातीः

वन पैदावरको सङ्ख्याः

दस्तखतः

निवेदक (निजी वन धनीको):

नामः

ठेगानाः

खिम नारायण मानन्धर
अध्यक्ष

हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिलेभञ्ज्याङ्ग, स्याङ्जा
२०७३

अनुसूची-२

**(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)**

**निजी वन दर्ताको प्रमाणपत्रको ढाँचा**

प्रमाणपत्र नम्बरः मितिः

**<u>निजी वन दर्ताको प्रमाणपत्र</u>**

श्री .........................................................

....................................................... ।

तपाईले यस गाउँपालिकामा निजी वन दर्ता गराई पाउँ भनी पेस गरेका कागजात अध्ययन हुँदा वन ऐन, २०७६, वन नियमावली, २०७९ तथा हरिनास गाउँपालिकाको निजी वन दर्ता सम्बन्धी कार्यविधि, २०८३ को अधीनमा रही देहायको निजी वन तथा निजी आबादी जमिनमा लगाएको वन पैदावरलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

**निजी वनको विवरणः**

नामः

चार किल्लाः

क्षेत्रफलः

रुखको जातः

रुखको थानः

प्रमाणपत्र दिने अधिकृतकोः

नामः

पद प्रमुख प्रशासकीय अधिकृत

दस्तखत

मितिः

खिम नारायण मानन्धर
अध्यक्ष